प्रमुख समाचार

- केन्द्रीय मन्त्रिपरिषद् द्वारा भारत औद्योगिक विकास योजना (भाव्य) अन्तर्गत एक सय प्लग-एन्ड-प्ले औद्योगिक पार्कहरू विकास गर्न अनुमोदन
- राज्यसभा द्वारा आज नौ महिला सदस्य सहित बीस राज्यका उन्साठी सदस्यहरूलाई बिदाइ
- BWF सुपर तीन सय ब्याडमिन्टन प्रतियोगितामा, आकर्शी कश्यप ओर्लियन्स मास्टर्सको महिला एकल मुख्य ड्रमा प्रवेश

PREZ - GUDI PADAVA

राष्ट्रपति द्रौपदी मुर्मुले आज चैत्र शुक्लदी, उगादी, गुढी पडावा, चेती चन्द, नवरेह र साजिबु चेइराओबाको पूर्वसन्ध्यामा देशवासीलाई शुभकामना व्यक्त गर्नुभयो। उहाँले नयाँ वर्षको आगमनमा यी चाडपर्वहरू देशको समृद्ध सांस्कृतिक विविधताको प्रतीक भएको र प्रकृतिसँगको सम्बन्धलाई अझ गहिरो बनाउने बताउनुभयो।

CABINET-BRIEFING

केन्द्रीय मन्त्रिपरिषद्ले भारत औद्योगिक विकास योजना (भाव्य) लाई तेंतिस हजार छ सय साठी करोड रुपैयाँ विनियोजन गर्दै एक सय प्लग-एन्ड-प्ले औद्योगिक पार्कहरू विकास गर्न अनुमोदन गरेको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले, नयाँ दिल्लीमा मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीहरूलाई यो योजनाले विश्वस्तरीय औद्योगिक पूर्वाधार विकास गर्ने, उत्पादन क्षमता खोल्ने र देशको विकासको कथालाई अगाडि बढाउने लक्ष्य राखेको जानकारी दिनुभयो। उहाँले सय देखि एक हजार एकडका औद्योगिक पार्कहरू, एक करोड रुपैयाँ प्रति एकर सम्मको सहयोगमा विकास गरिने बताउनुभयो।

मन्त्रिपरिषद्ले किसान कल्याणलाई सुदृढ पार्न र आत्मनिर्भर भारतको दृष्टिकोणलाई अगाडि बढाउन दुई हजार तेइस-चौबिस को कपास मौसमको लागि भारतीय कपास निगमलाई एक हजार सात सय अठार करोड रुपैयाँभन्दा बढीको MSP कोष अनुमोदन गरेको छ। मन्त्रीले यस कोषले देशभरका कपास किसानहरूलाई प्रत्यक्ष मूल्य समर्थन प्रदान गर्ने लक्ष्य राखेको बताउनुभयो।

मन्त्रिपरिषद्ले दुई हजार छब्बीस-सत्ताइस देखि दुई हजार तीस-एकतीस-को अवधिको लागि, पन्ध्र सय मेगावाट क्षमताको साना जलविद्युत (SHP) परियोजनाहरूको स्थापनाको लागि, दुई हजार पाँच सय चौरासी करोडभन्दा बढीको परिव्यय भएको साना जलविद्युत विकास योजनालाई पनि स्वीकृत गरेको छ। श्री वैष्णवले यो योजनाले भविष्यमा साना जलविद्युत परियोजनाहरूको पाइपलाइन सिर्जना गर्न लगभग दुई सय परियोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न राज्यहरूलाई पनि प्रोत्साहित गर्ने बताउनुभयो।

उहाँले आज चार ऐतिहासिक फैसला लिइएको बताउनुभयो।

Jag Ladki

भारतीय जहाज 'जग लाडकी' आज बिहान गुजरातको मुन्द्रा बन्दरगाहमा आइपुगेको छ। यस जहाजले संयुक्त अरब इमिरेट्सबाट लगभग एकासी हजार मेट्रिक टन 'उच्च गुणस्तरको तेल' ढुवानी गरिरहेको छ। यो जहाज मुन्द्रामा 'शिवालिक' र वाडीनार बन्दरगाहमा 'नन्ददेवी' जहाजको पहिलेको आगमनलाई पछयाउँदै आएको हो। बन्दरगाहका अधिकारीहरूले रिफाइनरीहरूमा कच्चा तेलको वितरणलाई सहज बनाउन सहज ओभरलोडिङ सञ्चालन सुनिश्चित गरेका छन्। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी सहसचिव सुजाता शर्माले पत्रकार सम्मेलनमा कच्चा तेलको उपलब्धता सामान्य रहेको र रिफाइनरीहरू अधिकतम क्षमतामा सञ्चालन भइरहेको जानकारी साझा गर्नुभयो।

RS-farewell

राज्यसभाले आज नौ महिला सदस्य सहित बीस राज्यका उन्साठी सदस्यहरूलाई बिदाइ गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले, बिदाइ कार्यक्रममा, संसदीय लोकतन्त्रमा उहाँहरूको योगदान सधैं सम्झिने बताउनुभयो। उहाँले राजनीतिमा कहिल्यै पूर्णविराम नहुने र उहाँहरूको अनुभव र राष्ट्रप्रतिको योगदान सधैं सान्दर्भिक र मूल्यवान रहने बताउनुभयो। श्री मोदीले, अवकाश लिइरहेका उपसभापति हरिवंशको उल्लेख गर्दै, उहाँले यस सदनमा लामो समयदेखि आफ्नो जिम्मेवारी निर्वाह गर्ने अवसर पाउनुभएको भन्नुभयो। यसअघि, सदनका अध्यक्ष सी.पी. राधाकृष्णनले, सदनलाई सम्बोधन गर्दै, प्रत्येक दुई वर्षमा राज्यसभाका एक तिहाइ सदस्यहरूको अवकाशले राज्य परिषद्को संवैधानिक ढाँचालाई प्रतिबिम्बित गर्ने र यसले अनुभवी सांसदहरूलाई संस्थागत स्थिरता कायम राख्दै नयाँ सदस्यहरूका लागि बाटो खोल्न अनुमति दिने बताउनुभयो।

LS-Parliamentary committee tenure

लोकसभाले एक राष्ट्र, एक चुनावसँग सम्बन्धित कानूनको जाँच गर्ने संयुक्त संसदीय समितिको कार्यकाल, मनसुन सत्र दुई हजार छब्बीस-को अन्तिम हप्ताको पहिलो दिनसम्म बढाएको छ। विधेयकले लोकसभा र राज्य विधान सभाहरूमा एकैसाथ चुनाव गराउने उद्देश्य राखेको छ। समितिका अध्यक्ष पी.पी. चौधरीले संयुक्त समितिको संविधान (एक सय उन्तीसौं संशोधन) विधेयक दुई हजार चौबीस र केन्द्र शासित प्रदेश कानून (संशोधन) विधेयक, दुई हजार चौबीस को कार्यकाल बढाउने प्रस्ताव प्रस्तुत गर्नुभयो। यो प्रस्ताव सदनमा ध्वनि मतदानद्वारा पारित भयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।

LS-demand for grants Agriculture

लोकसभाले दुई हजार छब्बीस-सत्ताइस को लागि कृषि तथा किसान कल्याण मन्त्रालयको नियन्त्रणमा रहेको अनुदानको मागमाथि छलफल सुरु गरेको छ। कांग्रेसका अमरिंदर सिंह राजा वारिङले छलफलको सुरुवात गर्नुभएको थियो। उहाँले देशका किसानहरू केवल खाद्यान्न उत्पादक मात्र नभई, देशको अर्थतन्त्र र खाद्य सुरक्षाको सबैभन्दा बलियो आधार पनि हुन् भनेर भन्नुभयो। भाजपाका कोन्डा विश्वेश्वर रेड्डीले कृषि देशको सांस्कृतिक पहिचान र स्थिरता भएको र दुई हजार चौध देखि भारतमा कृषि वृद्धि अन्य क्षेत्रहरूको तुलनामा असाधारण भएको बताउनुभयो।

Airlines guideline

सरकारले यात्रुहरूको निष्पक्ष पहुँच सुनिश्चित गर्न कुनै पनि उडानमा न्यूनतम साठी प्रतिशत सिट यात्रुहरुलाई निःशुल्क छनौट गर्न लगाउन, एयरलाइन्सहरूलाई निर्देशन दिएको छ। नागरिक उड्डयन मन्त्रालयले आज नागरिक उड्डयन महानिर्देशनालय मार्फत एयरलाइन्सहरूमा यात्रु सुविधा, पारदर्शिता र अभ्यासहरूको एकरूपतालाई सुदृढ पार्न निर्देशन जारी गरेको छ। मन्त्रालयले एउटै PNR मा यात्रा गर्ने यात्रुहरूलाई सँगै, विशेष गरी छेउछाउका सिटहरूमा बस्न निर्देशन दिएको छ। साथै, खेलकुद उपकरण, संगीत वाद्ययन्त्र र घरपालुवा जनावरहरूको ढुवानीलाई पारदर्शी र यात्रु-मैत्री तरिकाले सहज बनाउनुपर्ने एयरलाइन्सहरूलाई निर्देशन दिएको छ। सरकारले यात्रु अधिकार ढाँचाको कडाइका साथ पालना गर्न, विशेष गरी ढिलाइ, रद्द र बोर्डिङ अस्वीकार गर्ने अवस्थामा पनि निर्देशन दिएको छ।

PM - KUWAIT PRINCE

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कुवेतका युवराज शेख सबा अल-खालेद अल-हमद अल-मुबारक अल-सबाहसँग टेलिफोन वार्तामा आगामी ईदको शुभकामना व्यक्त गर्नुभयो। श्री मोदीले सामाजिक सञ्जाल पोस्टमा, कुराकानीको क्रममा दुबै नेताहरूले पश्चिम एसियाको विकसित अवस्थाको बारेमा विचार आदानप्रदान गर्नुका साथै हालैका घटनाक्रमहरूबारे चिन्ता व्यक्त गर्नुभयो।

Badminton

BWF सुपर तीन सय ब्याडमिन्टन प्रतियोगितामा, आकर्शी कश्यपले हिजो आफ्ना दुवै छनोट खेल जितेर ओर्लियन्स मास्टर्सको महिला एकल मुख्य ड्रमा प्रवेश गरेकी छिन्। आकर्शीले अब पहिलो चरणमा सिंगापुरकी येओ जिया मिनसँग प्रतिस्पर्धा गर्नेछिन्। यसैगरी, किदाम्बी श्रीकान्त, आयुष शेट्टी, मालविका बनसोड, अनमोल खार्ब र तन्वी शर्माले आज आफ्नो अभियान सुरु गर्नेछन्।

प्रमुख समाचार पुनः एकपटक

- केन्द्रीय मन्त्रिपरिषद् द्वारा भारत औद्योगिक विकास योजना (भाव्य) अन्तर्गत एक सय प्लग-एन्ड-प्ले औद्योगिक पार्कहरू विकास गर्न अनुमोदन
- राज्यसभा द्वारा आज नौ महिला सदस्य सहित बीस राज्यका उन्साठी सदस्यहरूलाई बिदाइ
- BWF सुपर तीन सय ब्याडमिन्टन प्रतियोगितामा, आकर्शी कश्यप ओर्लियन्स मास्टर्सको महिला एकल मुख्य ड्रमा प्रवेश